हिमालयन जनरल ईन्स्योरेन्स कं. लि.
HIMALAYAN GENERAL INSURANCE CO. LTD.

HEAD OFFICE: THAPAGAUN, GPO BOX 148, KATHMANDU, NEPAL
Tel.: 5245090 Fax: 5245099, E-mail: ktm@hgi.com.np
www.hgi.com.np

च. नं. १६५१।२०७८।०७९

मिति: २०७८।११।०६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय: अठ्ठाईसौ वार्षिक साधारण सभाको सूचना तथा वार्षिक साधारण सभा प्रयोजनको लागि शेयर दाखिल खारेज हुने जानकारी पठाएको ।

उक्त सम्वन्धमा यस कम्पनीको मिति २०७८।११।०६ गते वसेको संचालक समितिको वैठक नं. २७७ को निर्णयानुसार कम्पनीको अठ्ठाईसौ वार्षिक साधारण सभा मिति २०७८ फागुन ३० गते सोमवार, विहानको ११.०० वजे कम्पनीको केन्द्रिय कार्यालय, थापागांउ, काठमाण्डौवाट भर्चुयल (Virtual) रुपमा वस्ने सूचना यसैसाथ संलग्न पठाएको कुरा अनुरोध गर्दछु । साथै अठ्ठाईसौ वार्षिक साधारणसभा प्रयोजनको लागि २०७८ साल फागुन १६ गते एक दिन शेयर दाखिल खारेज वन्द गरिने छ । साथै अठ्ठाईसौ वार्षिक साधारण सभाको विषयसूची यसैसाथ संलग्न छ ।

ध्रुव प्रसाद न्यौपाने

कम्पनी सचिव

वोधार्थ

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र वोर्ड, धापाखेल, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

श्री वीमा समिति, कुपण्डोल, ललितपुर ।

श्री एनएमवि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ ।

# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.को

## HIMALAYAN GENERAL INSURANCE COMPANY LIMITED

केन्द्रिय कार्यालय: वडा नं. १०, थापागांउ, काठमाण्डौ, पो. व. नं. १४८
फोन नं. ५२४५०९०, ५२४५०९६, फ्याक्स नं. ५२४५०९९

### अठ्ठाईसौ वार्षिक साधारण सभा बस्ने सूचना

मिति २०७८/११/०६ गते बसेको हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. को संचालक समितिको बैठक नं. २७७ को निर्णयानुसार कम्पनीको अठ्ठाईसौ वार्षिक साधारण सभा निम्नलिखित स्थान, मिति र समयमा निम्न विषय उपर छलफल गर्न बस्ने भएको हुदा शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### सभा वस्ने मिति, स्थान र समय

मिति : २०७८ साल फागुन ३० गते सोमबार ।

स्थान : कम्पनीको केन्द्रिय कार्यालय, थापागांउ, काठमाण्डौवाट भर्चुयल सभा (Virtual Meeting) ।

समय : विहान ११ बजे ।

### अठ्ठाईसौ वार्षिक साधारण सभाको लागि विषयसूची

(क) सामान्य प्रस्ताव

(१) अठ्ठाईसौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७।०७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७।०७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत् सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(३) संचालक समितिको सिफारिस वमोजिम चुक्ता पूंजी रु.१,१०,०३,३६,७०० को ६.६५ प्रतिशतले हुन आउने रु.७,३१,७२,४०० वोनश शेयर प्रदान गर्दा लाग्ने कर वापत चुक्ता पूंजीको ०.३५ प्रतिशतका दरले हुने रु.३८,५१,१७९ नगद लाभांश पारित गर्ने ।

(४) आर्थिक वर्ष २०७८।०७९ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम अनुमोदन गर्ने । (हालका लेखापरीक्षक श्री एन.अमात्य एण्ड कम्पनी पुनः नियुक्तीको लागी योग्य हुनुहुन्छ)

(५) विविध ।

(ख) विशेष प्रस्ताव

(१) संचालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूंजी रु.१,१०,०३,३६,७०० को ६.६५ (छ दशमलव छ पांच) प्रतिशतले हुन आउने रु. ७,३१,७२,४०० वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूंजी वृध्दि हुने भएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

(२) यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती (Aqusition) गर्ने वा एकआपसमा गाभिने (Merger) प्रयोजनको लागि उपयुक्त कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्विकृतीको लागि विमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता नियुक्ती तथा प्राप्ती (Acquisition) गर्ने वा एकआपशमा गाभिने (Merger) संग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु वमोजिम गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रक्रियाहरु पुरा गरि अख्तियार प्राप्त निकायवाट अन्तिम स्विकृति लिने लगायतका कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(३) विशेष प्रस्तावको संशोधनहरुवाट प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) विविध ।

सचिव
संचालक समिति

<u>द्रष्टव्य</u>

## <u>साधारण सभा सम्बन्धी सामान्य जानकारी</u>

१. हालको विश्वव्यापी कोभिड-१९ महामारीलाई दृष्टीगत गरेर अनलाईन सभा (Virtual Meeting) मा तोकिएको समयमा नै सबै शेयरधनी महानुभावहरुलाई अनलाईन उपस्थित भई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गरिन्छ । साथै यथा समयमा यस कम्पनीवाट शेयरधनी महानुभावहरुलाई Online Link पठाउने व्यवस्था गरिने छ । भौतिक उपस्थिति हुन चाहाने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्न पर्नेछ ।

२. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउँनेछन् ।

३. संयुक्तरुपमा लिएको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरेको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

५. छलफलको विषय विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहेको विषय वारे सभा हुन भन्दा कम्तीमा ७ दिन अगावै अध्यक्षलाई लिखित रुपमा कम्पनीको थापागांउ स्थित कार्यालयमा सूचना दिनुपर्नेछ वा Email: dhruba@hgi.com.np मा पठाउन सक्नु हुनेछ ।

६. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सभापति वा निजले तोकेको व्यक्तिबाट सामुहिक रुपमा उत्तर दिइनेछ ।

७. अन्य जानकारीका लागि कम्पनीको थापागांउ स्थित कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ । साथै आवश्यक जानकारीको लागि मोवाईल नं. ९८५१०५१७५३ वा ९८०२०३२३७१ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

९. मिति २०७८/११/१६ गते एकदिनको लागि कम्पनीको शेयर दाखिल खारेज बन्द हुनेछ ।

१०. वार्षिक प्रतिवेदन, २०७८ तथा साधारणसभा सम्वन्धि जानकारीको लागि कम्पनीको केन्दिय कार्यालय, थापागांउमा सम्पर्क गर्न वा www.hgi.com.np मा हेर्न सक्नुहुने छ । वार्षिक प्रतिवेदन, २०७८ को Online Link विद्युतिय माध्यमवाट शेयरधनी महानुभावहरुलाई पठाउने व्यवस्था गरिनेछ । यसैलाई सूचना मानि तोकिएको समयमा नै सभामा सामेल भई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गरिन्छ ।

जनरल ईन्स्योरेन्स ... बबरमहल